छलफल तथा निर्णयहरू:

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट भाग भईआएको खानी तथा भूगर्भ विभागबाट उदयपुर, चौदण्डीगढी -८ अन्तर्गतको निश्चित क्षेत्रमा उत्खनन अनुमति प्राप्त गरेको :- " के.के. लाईम ईण्डस्ट्रिज" लाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रूपमा सिफारिस गर्ने ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अनुरोध भईआएबमोजिम काफ्लेपाटीदेखि पाथिभरा मन्दिरसम्म रज्जुमार्ग सञ्चालनकालागि "पाथिभरादेवी दर्शन केबुलकार प्रा.लि. काठमाडौं"लाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा सिफारिस गर्ने ।

३. आगामी दिनमा सात वटै प्रदेश र ७५३ वटै स्थानीय तहका सरकारबाट राष्ट्रिय प्राथिमकताप्राप्त आयोजनाकालागि सहमतिका निमित्त अनुरोध भई आउनसक्ने हुनाले सोसम्बन्धमा नीति बनाउन सम्बन्धित क्षेत्र हेर्नुहुने माननीय सदस्यले अवधारणापत्र तयार गर्ने ।

४. अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी राष्ट्रिय सोच तयार गर्ने सम्बन्धमा माननीय सदस्य श्री मीनबहादुर शाहीज्यूले विस्तृतीकरणसहित अवधारणापत्र आयोगको आगामी बैठकमा प्रस्तुत गर्ने।

५. दीर्घकालीन सोचसम्बन्धी अवधारणापत्र तयार गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि आर्थिक व्यवस्थापन महाशाखाले प्रक्रिया अघि बढाउने ।

६. आयोगको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष चालु आ.ब. २०७५/७६ को सम्बन्धमा प्रस्तुत गरिएको वार्षिक नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति प्रत्येक महिना समाप्त भएको अर्को हप्ताको आयोगको बैठकमा सदस्य सचिवबाट जानकारी गराउने । कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति विवरण अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट तयार गर्ने ।